गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
[illegible]डाँडा, गोरखा जिल्ला
गण्डकी प्रदेश, नेपाल

आज मिति २०७६/०३/०५ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका, गोरखाका नगर प्रमुख श्री राजन राज पन्तज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो । बैठकमा निम्नानुसारका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उपप्रमुख | श्री विना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | |
| ८ | का.बा.वडा अध्यक्ष वडा नं. ६ | श्री आनन्द गुरुङ | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल बहादर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| | अन्य उपस्थिति | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |

Scanned by CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

निर्णय मितिः२०७६।०३।०५

**नगरकार्यपालिका बैठक २०७६।०३।०५ मा छलफल भएका प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरुः**

१. पाँचौं नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

२. यस नगरपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।

३. सडक बोर्ड नेपालबाट प्राप्त रकम रु. २५,००,०००।- (पच्चीस लाख) को कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।

४. (क) नगर सभाबाट स्वीकृत भएको वडा नं. १४ को खहरे पौदी गोप्लिङ अकला मन्दिर बाटो निर्माणको टेण्डरबाट बाँकी हुन आएको बजेट रु. १६,६०,०००।- (सोह्र लाख साठी हजार रुपिया) को तपशील बमोजिमको योजनाका लागि बजेट व्यवस्था गर्ने ।

(ख) वडा नं. १४ को डिपबोरिङ खानेपानी योजनामा विनियोजन भएको बजेट खर्च नहुने देखिएकोले उक्त रकम रु. ४,००,०००।- (चार लाख) खहरे पौडी गोप्लिङ अकला मन्दिर याङकोट खण्ड बाटो निर्माण हयूम पाइप खरिद गर्नको लागि रकमान्तर गर्ने सम्बन्धमा ।

(ग) वडा नं. ८ को जोर चौतारा देखि थाकलडाडा जाने मोटर बाटो बिस्तारको लागि छुट्याइएको बजेट रु. २,००,०००।- (दुई लाख) को योजना कार्यान्वयन हुन नसकेकोले उक्त रकमलाई कामीडाडा खानेपानी योजनामा रकमान्तर गर्ने ।

५. गोरखा नगरपालिका सुशासन (सञ्चालन तथा व्यवस्थापन) नीतिको मस्यौदा सम्बन्धमा ।

६.विविधः जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाको गोरखा नगरपालिका वडा नं. ८ मा रहेको जग्गा यस नगरपालिका अन्तर्गत रहेको गोरखा बजार आयुर्वेद औषधालय, गोरखाको नाममा ल्याउनका लागि पहल गर्ने ।

Scanned by CamScanner

निर्णय मिति:२०७६।०३।०५

निर्णयहरू:

**निर्णय नं.१.**
यस नगरपालिकाको पाचौं नगरसभा मिति २०७६।०३।१० गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. २**
यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नका लागि मिति २०७६।०३।०९ गते कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३**
सडक बोर्ड नेपालबाट प्राप्त रकम रु. २५,००,०००।- (पच्चीस लाख) को कार्यक्रम कार्यान्वयन गर्नका लागि सडक मर्मत कार्यमध्ये खण्ड (क) अन्तर्गत गो.न.पा. वडा नं. ७ नयाँ बसपार्क खण्डमा ग्रावेल राख्ने तथा नाला निर्माण कार्यको लागि रु. १०,००,०००।-( दश लाख रुपिया) र खण्ड (ख) अन्तर्गत नगरपालिका कार्यालय गेट अगाडिदेखि चुच्चे ढुंगा जाने बाटो ढलानका लागि रु. १५,००,०००।-(पन्ध्र लाख रुपिया) हुने गरी बजेट विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**
(क) नगर सभाबाट स्वीकृत भएको वडा नं. १४ को खहरे पौदी गोप्लिङ अकला मन्दिर बाटो निर्माणको टेण्डरबाट बाँकी हुन आएको बजेट रु. १६,६०,०००।- (सोह्र लाख साठी हजार रुपिया) को तपशील बमोजिमको योजनाका लागि बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनको नाम | बजेट रु. |
|---|---|---|
| १ | केउरेपानी छाकु कोटगाउँ खानेपानी आयोजना | २,६०,०००।- |
| २ | बूढीकोट पर्यटकीय पूर्वाधार निर्माण | ४,००,०००।- |
| ३ | खहरे पौदी गोप्लिङ अकला मन्दिर बाटो निर्माण | ५,००,०००।- |
| ४ | खहरे पौदी गोप्लिङ बाटो निर्माणमा ह्यूम पाइप खरिद | ५,००,०००।- |

(ख) वडा नं. १४ को डिपबोरिङ खानेपानी योजनामा विनियोजन भएको बजेट खर्च नहुने देखिएकोले उक्त रकम रु. ४,००,०००।- (चार लाख) खहरे पौदी गोप्लिङ अकला मन्दिर याङकोट खण्ड बाटो निर्माणको लागि हयूम पाइप खरिद गर्नको लागि योजना संशोधन गर्ने निर्णय गरियो ।
(ग) वडा नं. ८ को जोर चौतारा देखि थाकलडाडा जाने मोटर बाटो विस्तारको लागि छुट्याइएको बजेट रु. २,००,०००।- (दुई लाख) को योजना कार्यान्वयन हुन नसकेकोले उक्त रकमलाई कामीडाडा खानेपानी योजना संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.**
गोरखा नगरपालिका सुशासन (सञ्चालन तथा व्यवस्थापन) नीतिको गस्यौदा छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६.**
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाको गोरखा नगरपालिका वडा नं. ८ मा रहेको जग्गा यस नगरपालिका अन्तर्गत रहेको गोरखा बजार आयुर्वेद औषधालय, गोरखाको नाममा ल्याउनका लागि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, घैरुङलाई अनुरोध गर्ने निर्णय गरियो ।

[illegible]जनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner